## विषय : सम्झौता पत्र ।

कमलराज राईको जन्म वि.सं.२०३२ फागुन १ गते आमा पन्जमती राई र बाबु स्व.सरणबहादुर राईको सन्तानका रूपमा ओखलढुङ्गा जिल्ला, मानेभन्ज्याङ गाउँपालिका वडा नम्बर ३ (साविक उँबु वडा नं.१, रिनुवाल) मा भएको हो । त्याग, संघर्ष, बलिदान र तपस्याकी प्रतिमूर्ति आमा पन्जमतीको वात्सल्यमयी ममताले कमलराज राईको बाल्यकाल दुःखद एवम् त्रासद आवस्थामा नै हुर्किएको हो । राईले गाउँकै श्री राज्यलक्ष्मी माध्यमिक विद्यालयबाट आधारभूत शिक्षा आरम्भ गरी वि.सं.२०५१ मा एसएलसी उत्तीर्ण गरेर उच्च शिक्षा अध्ययन गर्न काठमाडौं भित्रिएका हुन् ।

काठमाडौंमा कमलराज राईले पारिवारिक आकुलीनताका कारण विभिन्न संघसंस्थामा संलग्न हुँदै एवम् जागिरे जीवनलाई अगिल्तिर धकेल्दै व्यवस्थापन सङ्काय र मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत पत्रकारितामा स्नातकोत्तर तहसम्मको शिक्षा आर्जन गरे । उनको रूचि विशेषतः पत्रकारितामा थियो । अतः उनले **गोरखा सैनिक, माउन्टेन टेलिभिजन, सिटी पोस्ट, खम्बुवान पत्र, न्युज अप्रेसन, नयाँ सन्देश, तामाकोसी, अर्थ सवाल** साप्ताहिक, **साप्ताहिक आवाज, खासखबर** साप्ताहिक, **प्रभाव दैनिक**जस्ता करिब एक दर्जनजति सञ्चार माध्यममा संवाददाता/सम्पादक/प्रकाशक/व्यवस्थापक भई कार्य सम्पादन गरेका छन् । उनले पत्रकारिताको महत्व, औचित्य र सान्दर्भिकतालाई बुझेर आफूले सक्ने लगानी गरी स्वरोजगारमूलक सञ्चार माध्यमको उत्थानमा उल्लेखनीय भूमिकासमेत निर्वाह गरेका छन् । त्यसैक्रममा खासखबर साप्ताहिक र प्रभाव दैनिकजस्तो प्रभावशाली पत्रिकाको सम्पादक तथा व्यवस्थापकको भूमिका निर्वाह गरिरहेको समयमा कमलराज राईको अप्रत्यासित रूपमा वि.सं.२०७८ माघ २० गते हृदयघातका कारण नेपाल-भारत मैत्री हस्पितल मित्रपार्क काठमाडौंमा उपचारको क्रममा स्वर्गारोहण भएको थियो ।

स्वर्गीय कमलराज राईको सम्झनामा "कमलराज राई स्मृति पत्रकारिता पुरस्कार" अक्षयकोष निर्माण समितिका संयोजक लालसरा राई र नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाबीच **"कमलराज राई स्मृति पत्रकारिता पुरस्कार"** अक्षयकोष स्थापनार्थका साथै पुरस्कार वितरण व्यवस्थापन/सञ्चालन कार्यका लागि गरिएको **सम्झौता पत्र ।**

लिखितम् खोटाङ जिल्ला हलेसी तुवाचुङ नगरपालिका वडा नं.७ स्थायी वतन भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.७ चावहिल बस्ने जन्मराज राईकी छोरी, स्वर्गीय कमलराज राईकी पत्नी तथा "कमलराज राई स्मृति पत्रकारिता पुरस्कार" अक्षयकोष निर्माण समितिका संयोजक वर्ष ४४ की लालसरा राई-१ (जसलाई यसपछि प्रथम पक्ष भनी सम्वोधन गरिएको छ) आगे नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाका तर्फबाट (उद्धव अर्यालकी छोरी रौतहट जिल्ला चन्द्रपुर नगरपालिका वडा नं.२ स्थायी घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१० बानेश्वर बस्ने शाखाका अध्यक्ष वर्ष ४० की शोभा अर्याल-१ र खम्बबहादुर बोहोराको छोरा रामेछाप जिल्ला रामेछाप नगरपालिका वडा नं.१ घर भई हाल काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.वडा नं.५ जोरपाटी बस्ने ऐ.शाखाको सचिव वर्ष ३६ को रमेश कुमार बोहोरा-१ समेत जना-२, जसलाई यसपछि दोस्रो पक्ष भनी सम्वोधन गरिएको छ) का बीच **"कमलराज राई स्मृति पत्रकारिता पुरस्कार"** अक्षयकोष स्थापनार्थ गर्ने उद्देश्यले प्रथम पक्षले दोस्रो पक्षलाई रु.१,००,०००/- (अक्षरेपि एक लाख रुपैयाँ) तपसिलमा उल्लेखित शर्तहरु पालना गर्नेगरी सञ्चारग्राम तिलगंगास्थित नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको कार्यालयमा बसी साक्षीहरुको रोहवरमा "कमलराज राई स्मृति पत्रकारिता पुरस्कार" अक्षयकोष स्थापनार्थ व्यवस्थापन सञ्चालन गर्नका लागि मुलुकी देवानी संहिता २०७४ को करारसम्वन्धी व्यवस्था वमोजिम उल्लेखित शर्त, वन्देज र दायित्वको अधिनमा रही यो सम्झौता पत्रमा दुवै पक्षको मनोमान खुसीराजी मन्जुरीकासाथ सहीछाप गरी प्रथम पक्ष र दोस्रो पक्षले एक/एकप्रति लियौं दियौं ।

## तपसिल

**शर्तहरू :**

१. प्रथम पक्षले रु.१,००,००० (अक्षरेपि एक लाख रुपैया मात्र) चेक उपलब्ध गराइएको छ । दोस्रो पक्षले सम्झौता पत्र र चेक प्राप्त भएको १ (एक) महिनाभित्र नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको खाता रहेको बैंकमा "कमलराज राई स्मृति पत्रकारिता पुरस्कार" अक्षयकोष स्थापनार्थ रकमको खाता खोली उक्त रकम जम्मा गरेको जानकारी गराउनु पर्नेछ ।

२. अक्षयकोषको बैंकबाट प्राप्त व्याज रकमबाट प्रथम पक्षले स्थापना गरेको "कमलराज राई स्मृति पत्रकारिता पुरस्कार"बाट हरेक ३ वर्षमा हुने नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाको अधिवेशनमा १ (एक) जना पत्रकारलाई पुरस्कृत गर्नुपर्नेछ । पुरस्कृत हुने व्यक्ति दोस्रो पक्षले छनोट गरेको पत्रकार हुनेछ । यसमा प्रथम पक्षले कुनै हस्तक्षेप गर्ने छैन । दोस्रो पक्षले गरेको निर्णय अन्तिम हुनेछ ।

३. अक्षयकोषको रकमबाट प्राप्त व्याजको ७५% प्रतिशत पुरस्कार राशि दोस्रो पक्षले छनोट गरेको पत्रकारलाई पुरस्कृत गर्ने र बाँकी २५% व्याज रकम साँवामा परिणत गरी जम्मा गर्नु पर्नेछ । यो प्रक्रिया हरेक ३/३ वर्षमा निरन्तर यसै अनुरुप गर्नु पर्नेछ ।

४. पुरस्कृत हुने व्यक्ति नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाले छनोट गर्नेछ । व्यक्ति नदोहोरिने गरी छनोट गर्नु पर्नेछ ।

५. यो सम्झौता कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा आपसी समझदारीबाट समाधान गरिनेछ ।

**प्रथम पक्ष**
"कमलराज राई स्मृति पत्रकारिता पुरस्कार"
अक्षयकोष निर्माण समितिको तर्फबाट

नाम : श्री लालसरा राई
पद : संयोजक
हस्ताक्षर :

दा. बा.

**दोस्रो पक्ष**
नेपाल पत्रकार महासंघ काठमाडौं
जिल्ला शाखाको तर्फबाट

**कार्यालयको छाप :**

नेपाल पत्रकार महासंघ Kathmandu Committee Federation of Nepalese Journalists

नाम : श्री शोभा अर्याल
पद : अध्यक्ष
हस्ताक्षर :

नाम : श्री रमेश कुमार बोहोरा
पद : सचिव
हस्ताक्षर :

**साक्षीहरू :**

१. नैनबहादुर कार्कीको छोरा सिन्धुली जिल्ला, दुधौली नगरपालिका वडा नं.७ सुगारे स्थायी घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.७ सिफल बस्ने प्रभाव दैनिकका प्रबन्ध निर्देशक वर्ष ५३ को कृष्णबहादुर कार्की......................................१

२. लंकसेर राईकी छोरी जिल्ला खोटाङ हलेसी तुवाचुङ नगरपालिका वडा नं.७ स्थायी ठेगाना भई हाल का.जि.का.म.न.पा.वडा नं.७ चावहिल बस्ने वर्ष २२ की श्रद्धा राई..१

इति सम्वत् २०८१ साल माघ महिना १९ गते रोज ७ शुभम्.............................।